# कर्मचारी सञ्चय कोषमा

# धितो मुल्यांकनकर्ताको सूची अद्यावधिक तथा नयाँ दर्ता गराउने बारेको सूचना

कोषले सञ्चयकर्ताहरुलाई प्रदान गर्दै आएको सञ्चयकर्ता सापटी (घर सापटी -२०५७, शैक्षिक ऋण २०५८, सरल चक्र कर्जा २०६८ र घर मर्मत सापटी ) को लागि कोषमा राखिने धितो र कोषबाट प्रवाह हुने परियोजना कर्जाको सुरक्षणको निमित्त कोषमा पेश हुने धितो (Mortgage), को मूल्याङ्कन गर्ने प्रयोजनको लागि योग्य धितो मूल्याङ्कनकर्ता फर्म /कम्पनीहरुबाट आ.व. २०७५/७६ को निमित्त धितो मुल्यांकन सम्बन्धी परामर्श सेवा लिनको लागि कोषले बेग्लाबेग्लै सूची दर्ता गराउनु पर्ने भएको हुँदा इच्छुक ईजाजत प्राप्त रजिष्टर्ड फर्म /कम्पनीहरुले देहायको शर्त अवस्था अनुरुप हुने गरी फर्म/कम्पनीको नाम, ठेगाना प्रष्ट खोली यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र पेशागत कसुर नगरेका अनुभवी फर्म/कम्पनीहरुबाट धितो मुल्यांकन सम्बन्धी कार्यमा सूचिकृत हुनको लागि शाखा कार्यालय विराटनगर, हेटौडा, पोखरा, बुटवल, धनगढी, कोहलपुर, जनकपुर, धनकुट्टा र सुर्खेतको हकमा सोही कार्यालयहरुमा र उपत्यका स्थित कार्यालयको हकमा कोषको केन्द्रीय कार्यालय, पुल्चोकस्थित खरिद शाखामा सूची दर्ताका लागि सिलबन्दी आवेदन दर्ता गराउनु हुन सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । कोषको उपत्यकास्थित कार्यालयको लागि आवेदन गर्ने फर्म/कम्पनीले कोषको खरिद शाखा, पुल्चोकमा र शाखा कार्यालयहरुको लागि धितोमुल्याङ्कनकर्तामा आवेदन गर्ने फर्म/कम्पनीले उल्लिखित कार्यालयहरुबाट तोकिएको शुल्क तिरी आवेदन फाराम प्राप्त गर्नसक्नेछन् ।

**पेश गर्ने कागजात तथा शर्त अवस्थाहरुः**

१. फर्म/कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि ।

२. मूल्य अभिवृद्धि कर (VAT) र स्थायी लेखा नम्वर (PAN) दर्ताको प्रतिलिपि ।

३. आ.व.२०७४/७५ को कर चुक्ता प्रमाणपत्र वा आ.व.२०७४/७५ को कर विवरण पेश गरेको प्रमाणको प्रतिलिपि ।

४. फर्म/कम्पनीबाट प्रस्तावित कार्यमा संलग्न हुने इन्जिनियर, साइट सुपरभाइजर र अन्य कर्मचारीको दस्तखत सहितको वैयक्तिक विवरण र अनुभव प्रमाणित गरी पेश गर्नुपर्ने ।

५. कालो सूचीमा नपरेको र पेशागत कसुर नगरेको स्वःघोषणापत्र आवेदनसाथ पेश गर्नुपर्ने ।

६. फर्म/कम्पनीको अधिकृत पूँजी सञ्चयकर्ताबाट कोषमा राखिने सम्पतिको धितो मुल्यांकनकर्ताको हकमा कोषको केन्द्रीय कार्यालयको लागि कम्तिमा रु. ५ लाख र शाखा कार्यालयहरुको लागि रु.२ लाख हुनुपर्ने तथा परियोजना कर्जाको धितो मुल्यांकनकर्ताको लागि कम्तिमा रु. ५ लाख हुनुपर्ने ।

७. परियोजना कर्जाको धितो मुल्यांकनकर्ताको रुपमा आवेदन गर्ने फर्म/कम्पनीले विगत ५ वर्षमा सम्पन्न गरेको समान प्रकृतिको कामको लागि नियुक्तिकर्ताबाट प्रदान गरेको कामको अनुभवको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्ने ।

८. कार्य सम्पादन जमानत बापत धितो मुल्यांकनकर्ताले फर्म/कम्पनी सूचीकृत भएपछि सञ्चयकर्ता कर्जाको हकमा केन्द्रीय कार्यालयको लागि दुई लाख र शाखा कार्यालयहरुको लागि एक लाख एवं परियोजना कर्जा धितो मुल्यांकनको हकमा पाँच लाख धरौटी सहित कोषसंग कबुलियत गर्नुपर्नेछ । धरौटी बापतको रकम नगद जम्मा गर्नेको हकमा कोषले तोकेको बैंकमा रहेको कोषको खातामा जम्मा गरेको सक्कलै भौचर र बैंक जमानत पेश गर्नेको हकमा कुनै वाणिज्य बैंकबाट कोषको नाममा जारी भएको र कबुलियत गर्ने अन्तिम मितिबाट कम्तिमा एक वर्ष छ महिना म्याद कायम भएको शर्त रहितको बैंक जमानतको सक्कलै प्रति बुझाउनु पर्नेछ ।

९. फर्म/कम्पनीमा कार्यरत इन्जिनियरहरु नेपाल इन्जिनीयरिङ्ग परिषद्मा दर्ता भएको हुनुपर्ने ।

१०. रीत नपुगेको, म्याद नाघी आएको, कार्यसम्पादन जमानत नभएको, माग बमोजिमको कागजात पेश नगरेको र कोषवाट स्वीकृत TOR अनुरुप नभएका आवेदकको आवेदन स्वतः रद्द गरिनेछ ।

११. परियोजना कर्जाको धितो मुल्याङ्कनकर्ताको आवेदन फाराम खरिद गर्ने फर्म/कम्पनीले अर्को एउटा फर्म/कम्पनीसंग वा छुट्टाछुट्टै फाराम खरिद गर्ने २ वटा फर्म/कम्पनीले संयुक्त उपकम (joint venture) मार्फत एउटै आवेदन पेश गर्न सक्नेछन् । आवेदनसाथ संयुक्त उपकमको संझौतापत्र (joint venture agreement) अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

१२. फर्म/कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि र लिखित निवेदन पेश गरी सञ्चयकर्ता कर्जा धितो मुल्याङ्कन आबेदन फाराम तथा परियोजना कर्जाको धितो मुल्यांकनकर्ताको आवेदन फारामको लागि रु. १०००/-(फिर्ता नहुने) तिरी छुट्टाछुट्टै आवेदन फाराम कार्यालय समयभित्र खरिद गरी, कार्यालय समय भित्र कोषमा दर्ता गरिसक्नु पर्नेछ ।

१३. कोषमा प्राप्त आवेदनहरुको मूल्याङ्कन कोषले तोकेबमोजिमको Evaluation Criteria बमोजिम गरिनेछ र कोषले तोकेको न्यूनतम अंक प्राप्त गर्ने आवेदकहरु सुचिकरणको लागि योग्य ठहरिनेछन । तर न्युनतम अंक प्राप्त गर्ने सबै आवेदकहरुलाई सुचिकृत गर्न कोष बाध्य हुनेछैन ।

१४. कोषमा हाल सुचिकृत रहेका फर्म/कम्पनीहरुले कोषले तोके वमोजिमका कागजपत्रहरु पेश गरी धितो मुल्यांकनकर्ताको रुपमा सूची अद्यावधिक गर्न सक्नेछन् ।

१५. अन्य थप जानकारी चाहिएमा कोषको पुल्चोकस्थित खरिद शाखाको फोन नं ५०१०१६७ र सम्बन्धित शाखा कार्यालयहरुबाट प्राप्त गर्न सकिनेछ ।

१६. यो सूचना कोषको website: www.epfnepal.com.np र कोषको सूचना पाटीमा समेत हेर्न सकिनेछ ।